निर्वाचन आयोग, नेपाल

प्रतिनिधि सभा सदस्य निर्वाचन २०८२

# निर्वाचन आचारसंहिता अनुगमन अधिकृत

धनुषा

निर्वाचन आयोग, नेपाल

पत्र संख्या : २०८२/०८३ मिति: २०८२/१०/२१

## विषय : निर्वाचन आचारसंहिता, २०८२ परिपालना सम्बन्धी सूचना

सम्वत् २०८२ फाल्गुण २१ गते हुन गईरहेको प्रतिनिधि सभा सदस्य निर्वाचनलाई स्वतन्त्र, स्वच्छ, निस्पक्ष, पारदर्शी, मितव्ययी तथा भयमुक्त वातावरण सम्पन्न गर्ने उद्देश्यले निर्वाचन आयोगले निर्वाचन आचारसंहिता, २०८२ जारी गरेको छ । उक्त आचारसंहिता मिति २०८२/१०/०४ गते राती १२:०० बजे देखि लागु भइसकेको छ । आचारसंहितामा उल्लिखित सबैले पालना गर्नुपर्ने, पदाधिकारी/कर्मचारी तथा निकायले पालना गर्नुपर्ने, राजनीतिक दल/उम्मेदवार/भातृसंगठन लगायतले पालना गर्नुपर्ने आचारसंहिताको संक्षिप्त विवरण निम्नानुसार रहेको छ । धनुषा जिल्ला भित्रका राजनीतिक दल, उम्मेदवार, कर्मचारी, संचारकर्मी, नागरिक समाज/गैसस, आम नागरिक लगायत सबैले निर्वाचन आचारसंहिता, २०८२ को अनिवार्य पालना गर्नु हुन यो सूचना जारी गरिएको छ :-

निम्न

१. मिति २०८२/११/०४ गते देखि १७ दिनसम्म मात्र चुनाव प्रचार प्रसार (जुलुस, आम सभा, कोण सभा, घरदैलो कार्यक्रम आदि) गर्न पाइने;

२. सरकारी तथा सार्वजनिक श्रोत साधन र सम्पत्ति कुनै दल वा उम्मेदवारको पक्ष वा विपक्षमा प्रयोग गर्न गराउन नहुने;

३. कुनै व्यक्तिको वासस्थान वरीपरी निज वा निजको परिवारको सदस्यको सम्बन्धमा विरोध वा प्रदर्शन गर्न नहुने;

४. स्थानीय प्रशासनको अनुमति विना जुलुस, आम सभा, कोण सभा, भेला गर्न नहुने/यस्ता कार्यक्रममा चुनाव चिन्ह वा झण्डा अंकित स्टिकर, टोपी, कपडा आदि प्रयोग गर्न नहुने;

५. निजी तथा सार्वजनिक स्थान, सवारी साधनमा कुनै दलको झण्डा, चुनाव चिन्ह राख्न, टाँस्न नहुने;

६. चन्दा, अनुदान, पुरस्कार, निर्वाचन खर्च वा अन्य कुनै आर्थिक सहायता वितरण वा घोषणा गर्न नहुने;

७. भित्ते लेखन, पोस्टर टाँस्ने, सवारी साधन र्‍याली आयोजना गर्न नहुने;

८. निर्वाचन अधिकृतको अनुमति लिई आफ्नो निर्वाचन क्षेत्रमा बढीमा २ वटा सवारी साधन प्रयोग गर्न पाइने, विदेशी नम्बर प्लेटका सवारी साधन प्रयोग गर्न नपाइने;

९. कसैका समर्थन वा विरोधमा तुल, ब्यानर, पोस्टर, भित्ते लेखन, डिजिटल डिस्प्ले गर्न नहुने;

१०. कुनै पनि धर्म, वर्ण, लिङ्ग, जात, वैचारिक आस्था शारीरिक अवस्था, उमेर, आर्थिक अवस्था आदिमा नागरिकको भावना/प्रतिष्ठा/चरित्र/इज्जतमा आँच आउने कुनै प्रचार प्रसार गर्न नहुने;

११. साम्प्रदायिक विद्वेष फैलाउने, शान्ति सुरक्षा तथा निर्वाचनमा प्रतिकुल असर पुग्ने गरी भ्रामक तथा मिथ्या सूचना प्रकाशन, प्रसारण, प्रवाह गर्न नहुने;

१२. प्रचार प्रसारमा कसै प्रति गाली गलौज, मिथ्या सूचना, दुस्प्रचार, द्वेषपूर्ण अभिव्यक्ति समावेश गर्न नहुने,

निर्वाचन आयोग, नेपाल
निर्वाचन आचारसंहिता अनुगमन अधिकृत
प्रतिनिधि सभा सदस्य निर्वाचन, २०८२

निर्वाचन आयोग, नेपाल
निर्वाचन आचारसंहिता अनुगमन अधिकृत
प्रतिनिधि सभा सदस्य निर्वाचन, २०८२

पत्र संख्या : २०८२/०८३

१३. कुनै दल वा उम्मेदवारको समर्थन वा विरोध गर्ने गरी वा नमूना मतदान वा मत सर्वेक्षण गर्ने गरी संचार माध्यम वा सामाजिक संजालको दुरुपयोग गर्न नहुने;

१४. निर्वाचन प्रचार प्रसारका लागि ७५ ग्राम सम्मको कागजमा ३०० वर्ग इन्च क्षेत्रफल भएको मुद्रकको नाम सहितको एउटै रंगको पर्चा मात्र प्रयोग गर्नु पर्ने,

१५. एउटै मिति, समय र स्थानमा एक भन्दा बढी दल वा उम्मेदवारले कार्यक्रम राख्न नहुने;

१६. जुलुस वा आमसभामा भाग लिने वा प्रचारप्रसार गर्ने व्यक्तिले दल वा उम्मेदवारको निर्वाचन चिन्ह वा झण्डा अङ्कित लोगो वा स्टिकर वा कपडा, टोपी वा क्याप, भेष्ट, टि-सर्ट, ज्याकेट, कमिज, गम्छा, ब्याच, मास्क, डिजिटल डिस्प्ले वा लकेट लगाउन वा झोला बोक्न नहुने;

१७. प्रचारप्रसारका लागि घरदैलो कार्यक्रम गर्दा उम्मेदवार, प्रस्तावक, समर्थक सहित २५ जना भन्दा बढीको जुलुस लिएर जान नमिल्ने साथै यसरी जाँदा वाजागाजा तथा झाँकी सहित जान नहुने;

१८. कसैको निजी घरजग्गा वा सार्वजनिक भवन, उद्यान, सडकका भित्ता वा पोल वा कुनै पनि सार्वजनिक स्थानमा दलको झण्डा, दल वा उम्मेदवारको निर्वाचन चिन्ह राख्न वा टाँस्न नहुने;

१९. दल वा उम्मेदवारले जुलुस, आमसभा, कोणसभा, घरदैलो भेटघाट वा जुनसुकै प्रकारको र्‍याली गर्दा बढीमा तोकिएको आकारका १० वटा राष्ट्रिय झण्डा प्रयोग गर्न बाहेक निर्वाचन प्रचारप्रसार गर्दा राष्ट्रिय झण्डा प्रयोग गर्न गराउन नहुने;

२०. बालबालिकालाई निर्वाचन प्रचार प्रसारमा प्रयोग गर्न वा गराउन नहुने;

२१. अनलाइन वेबपेज, टिभी स्क्रोलिङ्ग, सपिङ मलमा डिस्प्ले, कल सेन्टर सञ्चालन, बैंकका एटीएम काउन्टरमा सन्देश वा सडक नाटक आदि माध्यमबाट दलको वा उम्मेदवारको समर्थन वा विरोधमा कुनै प्रचारप्रसार गर्न गराउन नहुने;

२२. दलको झण्डाको वा दल वा उम्मेवारको चुनाव चिन्हको तोरण बनाई सार्वजनिक प्रदर्शन गर्न वा गराउन नहुने;

२३. सरकारी/अर्ध सरकारी/संस्थान/विद्यालयको भवन तथा क्षेत्र (जग्गा) प्रयोग गरी निर्वाचन सम्बन्धी भेला, कार्यक्रम वा प्रचारप्रसार गर्न गराउन नहुने;

२४. निर्वाचन आयोगले धनुषा जिल्लाको निर्वाचन क्षेत्र नं. १, २, ३ र ४ को लागि तोकेको अधिकतम निर्वाचन खर्चको सिमा उन्नतीस लाख रुपैया भन्दा बढी खर्च गर्न नहुने ।

२५. राजनीतिक दल सम्वन्धी ऐन, २०७३ को दफा ३८ को उपदफा (२) मा उल्लेखित सरकारी कार्यालय, संस्था, वा व्यक्तिबाट आर्थिक सहयोग लिन नुहने ।

२६. पच्चिस हजार रुपैया भन्दा बढी आर्थिक सहयोग रकम प्राप्त गर्दा सोझै बैंक खातामा प्राप्त गर्नु पर्ने र सोभन्दा कम रकमका लागि नगदी रसीद वा भर्पाई दिई बैंक खातामा जम्मा गर्नुपर्नेछ ।

निर्वाचन आयोग, नेपाल
निर्वाचन आचारसंहिता अनुगमन अधिकृत
प्रतिनिधि सभा सदस्य निर्वाचन, २०८२

निर्वाचन आयोग, नेपाल
निर्वाचन आचारसंहिता अनुगमन अधिकृत
प्रतिनिधि सभा सदस्य निर्वाचन, २०८२

पत्र संख्या : २०८२/०८३

२७. एक लाख रुपैया भन्दा बढी आर्थिक सहयोग लिदाँ त्यस्तो सहयोग दिने व्यक्ति वा संस्थाको नाम,थर, ठेगाना, पेशा, स्थायी लेखा नम्बर तथा त्यस्तो आर्थिक सहयोग दिइएको रकमको स्रोत र त्यस्तो रकममा कर लाग्ने, नलाग्ने कुराहरु खुलाउन लगाएर मात्र लिनु पर्नेछ ।

२८. निर्वाचन खर्च गर्नको लागि बैंक/वित्तीय संस्थामा छुट्टै खाता खोल्नु पर्नेछ ।

२९. उम्मेदवारले निर्वाचन सम्बन्धी खर्च गर्दा निजको तर्फबाट खर्च गर्ने जिम्मेवार पदाधिकारी तोकी सोही खातामार्फत मात्र खर्च गर्नु पर्नेछ ।

३०. राजनीतिक दल तथा उम्मेदवारले प्रचलित कानून बमोजिम निर्वाचन प्रचार प्रसार खर्चको विवरण निर्वाचन सम्पन्न भएको मितिले ३५ दिन भित्र सार्वजनिक गरी सम्बन्धित निर्वाचन कार्यालयमा बुझाउनु पर्नेछ ।

- आचरण पालना सम्वन्धमा कुनै द्विविधा भएमा निर्वाचन आयोग/ मुख्य निर्वाचन अधिकृतको कार्यालय, जिल्ला निर्वाचन कार्यालय र आचारसंहिता अनुगमन अधिकृतसँग सम्पर्क गर्न सक्नु हुनेछ ।
- निर्वाचन आचारसंहिता उल्लंघनका विषयमा निर्वाचन आचारसंहिता, २०८२ को दफा ४८ बमोजिम उम्मेदवारी रद्द हुने सम्मको सजायको व्यवस्था रहेको छ । साथै आचारसंहिता उल्लंघन गरेको थाहा पाउने वा देख्ने व्यक्तिले निर्वाचन आचारसंहिता अनुगमन अधिकृतलाई जानकारी गराउनु हुन र निर्वाचन आचारसंहित बारे विस्तृत जानकारीको लागि निर्वाचन आयोगको वेबसाइट www.ecn.gov.np बाट डाउनलोड गर्नु हुन अनुरोध छ ।

| | |
|---|---|
| बुद्धराम मल्ल आले | कृष्ण गैहे |
| निर्वाचन आचारसंहिता अनुगमन अधिकृत | निर्वाचन आचारसंहिता अनुगमन अधिकृत |
| प्रतिनिधि सभा निर्वाचन, २०८२ | प्रतिनिधि सभा निर्वाचन, २०८२ |
| धनुषा | धनुषा |
| निर्वाचन आयोग, नेपाल<br>निर्वाचन आचारसंहिता अनुगमन अधिकृत<br>प्रतिनिधि सभा सदस्य निर्वाचन, २०८२ | निर्वाचन आयोग, नेपाल<br>निर्वाचन आचारसंहिता अनुगमन अधिकृत<br>प्रतिनिधि सभा सदस्य निर्वाचन, २०८२ |